सियारी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ५ मिति : २०७७/०९/२८

भाग–२

सियारी गाउँ कार्यपालिका

## विपन्न परिवारका लागि सियारी आवास निर्माण कार्यान्वयन कार्यविधि २०७७

**प्रस्तावनाः** गाउँपालिका भित्रका आर्थिक रुपले विपन्न लोपोन्मुख, दलित, सिमान्तकृत जाती र समुदायका मानिसलाई आवासको व्यवस्था गर्न र सो सम्बन्धमा व्यवस्था भएको बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) अनुसार विपन्न परिवारका लागि सियारी आवास निर्माण कार्यान्वयन कार्यविधि बनाइएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम विपन्न परिवारका लागि सियारी आवास निर्माण कार्यान्वयन कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि सियारी गा.पा. भर तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यक्रम" कार्यान्वयन सियारी गाउँपालिका सम्झनु पर्छ ।

(ख) "आवास निर्माण" भन्नाले यस सियारी गा.पा. बाट स्वीकृत डिजाईन अनुसारका आवास घर सम्झनु पर्छ ।

(ग) "पालिका" भन्नाले सियारी गाउँपालिका सम्झनुपर्छ ।

(घ) "विपन्न परिवार" भन्नाले आर्थिक रुपले पछि परेको घरपरिवार सम्झनु पर्दछ ।

(ङ) "लाभग्राही" भन्नाले दफा (४) बमोजिम छनोट भएको लाभग्रामही घरधनिलाई सम्झनु पर्दछ ।

(च) "लक्षित वर्ग" भन्नाले यो कार्यविधि लागु हुन अघि देखि कार्यक्रम लागु हुने स्थानमा स्थायी रुपमा बसोबास गर्दै आएका डुम, चमार, दुसाध, खत्वे र अन्य दलितको

हकमा राष्ट्रिय दलित आयोगको सूची अनुरुप (गन्धर्व, वादी, परिवार, विश्वकर्मा, सार्की, कलर, कोरी, खटीक, चिडीमार, धोवी, पत्थरकट्टा, पासी, वाँतर, मेस्तर, सरभङ्ग परिवार समूह भित्र पर्ने सबै थरहरु) तथन विपन्न मुसलमान लगायत आदिवासी जनजाती, चेपाङ, राउटे, तथा कुसुण्डालाई सम्झनुपर्छ र सो शब्दले नेपाल सरकार र प्रदेश सरकारले समय-समयमा लोपोन्मुख तथा सिमान्तकृत जाती भनी तोकिएका मानिसहरुलाई समेत जनाउछ ।

## परिच्छेद-२

## विपन्न लक्षितवर्गको पहिचान र कार्यक्रम कार्यान्वयन स्थल

३. **विपन्न लक्षित वर्गको पहिचान:** लक्षित वर्गको पहिचान देहायको आधारमा गरिनेछ ।

(क) यो कार्यविधि लागु हुन अघि त्यस स्थान तथा वडा टोलमा स्थायी बसोबास गर्दै आएको प्रमाण ।

(ख) जग्गा धनि प्रमाणपूर्जा वा सम्बन्धित वडामा आफू बसोबास गरेको आवास/जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धित कागजात वा वडा कार्यालयको सिफारिस पत्र ।

(ग) बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको कागज ।

(घ) लाभग्राही बसोबास गर्दै आएको घरको दयनीय अवस्था ।

४. **लाभग्राही छनोटका आधारहरु:**

(१) लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, भुइ, गारो तथा छानाको किसिम र प्रयोग भएको जग्गाको क्षेत्रफल समेत खोली सम्बन्धित वडा कार्यालय सिफारिस समेत संलग्न राखी निवेदन गा.पा. मा पेश गर्नुपर्नेछ ।

(२) विपन्न लाभग्राहीको छनोट वडा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्नेछ ।

(३) छनोट गर्दा वृद्ध, एकल महिला, अनाथ बालबालिका, अपाङ्गगता भएका घरमूली तथा बाढीपिडीतलाई पहिलो प्राथमिकता दिईनेछ ।

(४) छनोट गर्दा लक्षित वर्गको जनसंख्याको आधारमा सबै वडामा सन्तुलित प्रतिनिधित्व हुने गरी गरिनेछ ।

(५) दफा (४) मा लेखिए बाहेकका जग्गाको स्वामित्व नभएका तर स्थायी रुपमा वर्षौ देखि बसोबास गरिरहेका र अन्यत्र घरजग्गा पनि नभएका परिवारका हकमा गाउँ कार्यपालिकाको निर्णयअनुसार हुनेछ ।

५. **कार्यक्रम कार्यान्वयन स्थल:**

(१) यस सियारी गा.पा. भित्रका लाभग्राही परिवार बसोबास भएका वडाका स्थान बस्तीहरुमा आवास योजना सञ्चालन गरिनेछ ।

(२) कार्यक्रम कार्यान्यवन स्थल पहिचान गर्दा लक्षित वर्गहरुको घरहरु यथास्थानमा पुन निर्माण गरिनेछ, तर प्राकृतिक प्रकोपको जोखिम रहेको वन सिमाक्षेत्र तथा विवादित स्थानमा रहेकाहरुको हकमा यो बुँदा लागुहुने छैन ।

## परिच्छेद-३
## वित्तीय स्रोतको परिचालन

**६. वित्तीय प्रबन्ध :**

(१) गाउँपालिका कार्यालयले विपन्न लक्षित वर्गलाई निर्माण उपभोक्ता समिति मार्फत आर्थिक स्रोत उपलब्ध गराउनेछ ।

(२) आर्थिक स्रोत प्राप्त गर्न निर्माण उपभोक्ता समितिले अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतमा गा.पा.कार्यालयले सिफारिस गरेको बैंकमा खाता खोल्नुपर्नेछ ।

(३) बैंक खातामार्फत कामको प्रगतिअनुसार रकम भुक्तानी हुनेछ ।

(४) गाउँपालिका कार्यालय र निर्माण उपभोक्ता समिति बीच तोकिए बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(५) गाउँपालिकाबाट कार्यादेश प्राप्त पछि उपभोक्ता समितिबाट काम सुचारु गर्नुपर्नेछ ।

**७. निर्माण सम्पन्न भएको मानिने :**

(१) सम्बन्धित प्राविधिकले सम्झौता बमोजिमको कार्य सम्पन्न भएको प्रमाणित गरेको निर्माण कार्य सम्पन्न भएको मानिनेछ ।

**८. लागत सहभागिता र व्यवस्थापन :**

(१) लाभग्राहीले कूल लागत अनुमानको १०% सहभागिता वापत व्यहोर्नु पर्नेछ ।

स्पष्टीकरण : यस उपदफा प्रयोजनको लागि “सहभागिता” भन्नाले श्रमदान वा नगद वा निर्माण सामग्री मध्ये जुनसुकै पनि सम्झनु पर्छ ।

**९. निर्माण सामग्री खरिद गर्न सक्ने :**

(१) आवास निर्माणको लागि आवश्यक पर्ने जस्तापाता, सिमेन्ट, हुक, कब्जा, जस्ता निर्माण सामाग्रीहरु निर्माण उपभोक्ता समितिले खरिद गर्न सक्नेछ ।

(२) आवास निर्माणको लागि बैकल्पिक निर्माण सामग्री तथा भूकम्प प्रतिरोधी प्रविधिको प्रयोग गरी आवास निर्माण गर्नुपर्नैछ

(३) निर्माण सामग्री परिवर्तन गर्दा थप रकम आवश्यक पर्ने भएमा सम्बन्धित घर धनिले व्यहोर्नु पर्नेछ ।

## परिच्छेद-४
## विविध

**१०. निर्देशन दिन सक्ने :** यस कार्यविधि बमोजिम काम कारवाहीको सन्दर्भमा गाउँपालिकाले सम्बन्धित निर्माण उपभोक्ता समितिलाई निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन पालना गर्नु उपभोक्ता समितिको कर्तव्य हुनेछ ।

**११. विवादको समाधान :** निर्माण उपभोक्ता समिति र लाभग्राही बिच कुनै विवाद उत्पन्न भएमा गा.पा.ले दिने निर्णय अन्तिम हुनेछ ।

**१२. बेचबिखन गर्न नपाउने:** लाभग्राहीले आवास निर्माण सम्पन्न भएको मितिले ५ वर्षसम्म

बेचबिखन गर्न पाउनेछैन ।

**१३. कारबाही हुने:** यस कार्यक्रमबाट लाभान्वित हुने उद्धेश्यले कुनै व्यक्तिले झुट्ठा विवरण पेश गरेमा वा त्यस्तो व्यहवरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्याक्तिलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

**१४. लागत साझेदारीमा कार्यक्रम सञ्चालन हुने:** विपन्न परिवारको लागि आवास निर्माण गर्दा यस गा.पा. र संघ, प्रदेश र अन्य संघ संस्थाको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

**१५. प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा लेखिएको हदसम्म यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमाणिकरण मिति : २०७७/०९/२८**

**आज्ञाले**
**मिन प्रसाद भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**